# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं. :

मितिः

**५० प्रतिशत अनुदानमा मकैको उन्नत बीउ माग गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०९/२८

भीमेश्वर नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम अन्तर्गतको खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत **बीउ बिजन उत्पादन आपुर्ति तथा व्यवस्थापन कार्यविधि, २०८२** बमोजिम ५० प्रतिशत अनुदानमा मकैको उन्नत बीउ वितरण गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्ने भएको हुँदा यस नगरपालिका भित्रका कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/ कृषि कम्पनी/ उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिन (मिति २०८२ माग १८ गते) भित्र यस कार्यालयमा आवश्यक कागजातहरु संलग्न राखि निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**<u>न्यूनतम शर्त तथा मापदण्डः</u>**

(क) सामूहिक रुपमा खेती गर्ने समूह तथा सहकारी संस्थाबाट माग भएकालाई प्राथमिकता दिईने।

(ख) अन्य विषय, न्यूनतम शर्त मापदण्ड, उपलब्ध हुने सेवा सुविधा, सञ्चालित क्रियाकलापहरु **बीउ बिजन उत्पादन आपुर्ति तथा व्यवस्थापन कार्यविधि, २०८२** बमोजिम हुनेछ।

**<u>आवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरुको विवरणः</u>**

(क) माग निवेदन (जात र परिमाण खुलेको)।

(ख) माग गर्ने कृषि फर्म/ कृषक समूह/ कृषि सहकारी संस्थाको दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि।

(ग) व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकताको प्रतिलिपि।

(घ) कृषक समूह/सहकारी संस्थाहरुको बीउ माग सम्बन्धी वैठकको निर्णयको प्रतिलिपि, सहकारी संस्था भए अघिल्लो आ. व. को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(ङ) मकै खेती गर्ने जग्गाधनी पुर्जाको प्रतिलिपि/ जग्गा भाडामा लिएको भए सम्झौता पत्रको प्रतिलिपि।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

यस कार्यक्रम सम्बन्धी थप जानकारीका लागि फोन नं ९८६११७८९९२(शान्ती आचार्य), ९८६४००२०७७ (राधिका बुढाथोकी), ९८४४०००६२८ (मनुका घिमिरे), ९८६१८४९२०९ (विष्णु चौलागाई), ९८६११७८९३० (रितु बराईली) तथा कृषि शाखामा सम्पर्क गर्न सकिनेछ । आवश्यक सम्पुर्ण कागजात सबै प्राप्त माग निवेदन मात्र दर्ता गरिनेछ ।

बोधार्थः श्री सुचना प्रविधि शाखा कार्यालयको Website मा Upload गरिदिनु हुन साथै सबै वडा कार्यालयहरुमा सम्प्रेषण गरिदिनु हुन।